'गाउँ गाउँमा सूचना र सञ्चारको लागी हाम्रो अभियान'

www.namastekarnali.com

# नमस्ते कर्णाली

Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : १४७ बुधबार ०९ माघ, २०८१ 22 (Wednesday) January 2025 पृष्ठ ४, मूल्य रु : १०।-

### केन्द्रको दास बन्ने कि सरकार छोडने दोधारमा काँग्रेस

## सरकार छाड्ने कांग्रेसको धम्कीले कर्णाली सरकारमा तरङ्ग

नमस्ते समचारदाता

सुर्खेत, माघ/०८



कर्णाली प्रदेश सभाको बैठकमा प्रमुख सत्ता साझेदार दल नेपाली कांग्रेस संसदीय दलका नेता जीवनबहादुर शाही आक्रामक ढङ्गले प्रस्तुत भए । सत्तारुढ कांग्रेस-एमाले आरोप-प्रत्यारोपमा उत्रिएका छन् । २०८० चैत अन्तिम साता वाइडबडी प्रकरणमा मुद्दा अघि बढेपछि निलम्बनमा परेका शाहीले उक्त मुद्दामा सफाइ पाएसँगै झण्डै १० महिनाको अवधिमा पहिलो पटक प्रदेश सभामा आफ्नो धारणा राखेका थिए । पूर्वमुख्यमन्त्रीसमेत रहेका शाहीले भौतिक पूर्वाधार तथा सहरी विकासमन्त्री शेरबहादुर बुढालाई बर्खास्त गर्नुपर्ने र तत्कालीन अवस्थामा गरिएको ८ बुँदे सम्झौता यही साताभित्र कार्यान्वयन गर्नुपर्ने माग गर्दै अन्यथा सरकारबाट आफ्नो पार्टी बाहिरिने चेतावनी दिए । शाहीको भनाइलाई लिएर एमाले नेताहरूका फरक-फरक टिप्पणी आइरहेका छन् । मन्त्रीले फोन नउठाएको भरमा यसरी रोष पोख्नु गलत भएको कतिपय नेताको टिप्पणी छ भने चित्त नबुझेको कुरा गठबन्धनभित्र छलफल र बहस गर्नुको साटो एक्कासी संसदमै बोल्नु उचित नभएको तर्क कतिपयको छ । एमाले केन्द्रीय सदस्य विष्णु रिजालले प्रदेश सभामा आफ्नै गठबन्धनको विरोध विपक्षीले भन्दा चर्को गरेर कांग्रेस नेता शाहीले राजनीतिक सहकार्यको दरिद्रता देखाएको आरोप लगाए । उनले भनेका छन्, 'प्रदेशमा एमाले-कांग्रेसको गठबन्धन उहाँले बनाउनुभएको पनि होइन, भत्काउन सक्ने पनि होइन । असमझदारी हुन सक्छन् भनेरै प्रदेशस्तरमा पनि दुई दलबिच संयन्त्र बनेको छ-बैठक राखे हुन्छ, चित्त नबुझेका कुरा गरे हुन्छ ।' तर, सार्वजनिक खपतका लागि एउटा फोन नउठाएका कारण सरकार नै छाड्ने कुरा गर्नुले साथीहरूको सोचाइको स्तर मापन गर्ने रिजालको टिप्पणी छ । कांग्रेसका सांसदहरूले शाहीको अभिव्यक्ति स्वाभाविक भएको र मुख्यमन्त्रीले गम्भीर भइ नसोचे परिणाम अर्कै आउन सक्ने चेतावनी दिइरहेका छन् । कांग्रेसको समर्थनमा एमाले संसदीय दलका नेता यामलाल कँडेल मुख्यमन्त्री बनेको ६ महिना नबित्दै गठबन्धनभित्र विवाद बढेको हो । केन्द्रमा सरकारले ल्याएको अध्यादेश होस् वा विपक्षीले सरकारका कमजोरी प्रकट भएका घटनालाई लिएर घेराबन्दी गर्दासमेत कांग्रेस सभापति शेर बहादुर देउवाले प्रधानमन्त्री ओलीलाई दह्रो साथ दिँदै आएका छन् । तर कर्णाली प्रदेशको हकमा त्यसको ठिक विपरीत परिदृश्य देखिएको हो । कर्णाली प्रदेशमा सत्ता गठबन्धनमा देखिएको विवादलाई सामान्य मानिएको छैन । किनकि, कर्णाली प्रदेशको इतिहासमा यस्ता खटपटले केन्द्रकै समीकरणलाई फेरबदल गरेको उदाहरण पनि प्रशस्त भेटिन्छ । तत्कालीन नेकपा हुँदै एमाले विभाजनको केन्द्रविन्दु कर्णाली हो । 'फ्लोर क्रस'देखि पटक-पटक केन्द्रको गठबन्धन लाई धक्का दिने सवालमा कर्णाली अगाडि नै छ । ***बाँकी ३ पेजमा...***

## बाँकेको राप्ती नदीमा शुरु भयो गोही गणना

नमस्ते समचारदाता

बाँके, माघ/०८



बाँकेको राप्ती नदीमा घडियाल गोहीको गणना सुरु गरिएको छ । प्रत्येक वर्षझैं यस वर्ष पनि राप्ती नदीमा छाडिएका घडियाल गोहीको सर्वेक्षण तथा निरीक्षणका साथै गणना पनि सुरु गरिएको हो । बाँके राष्ट्रिय निकुञ्जका सूचना अधिकारी मन्दीप पँगेनीका अनुसार राप्ती नदीमा यसअघि पटक-पटक छाडिएका घडियाल गोहीको पनि गणना कार्य हुँदै आएको छ । सूचना अधिकारी मन्दीप पँगेनीले भने 'गोहीको अवस्थाको जानकारी लिनका लागि गणना सुरु गरेका छौं । हालसम्म दुई घडियाल गोही र एउटा मगर गोही फेला पार्‍यौं, नदीमा गोही रहनसक्ने सम्भावित क्षेत्रमा सर्वेक्षण गरेर उनीहरूको अवस्थाबारे जानकारी लिँदैछौं ।' गणना गर्नका लागि निकुञ्जका कर्मचारीसहित समुदायका केही 'सिटिजन साइन्टिस्ट' सहभागी रहेको उनको भनाइ थियो । पँगेनीले भने, 'गोहीको संरक्षण गर्ने दायित्व स्थानीय समुदायको पनि भएको हुनाले हामीले स्थानीय समुदायका केही व्यक्तिलाई यसका बारेमा तालिम दिने र विभिन्न कार्यक्रममा सहभागी बनाएर उहाँहरूलाई गोही संरक्षणका बारेमा जानकारी दिने गरेका छौं । गोहीको गणनामा पनि स्थानीय समुदायका केही सिटिजन साइन्टिस्टलाई सहभागी बनाएका छौं । यसबाट उहाँहरूले गोहीका बारेमा थप जान्नुहुनेछ र गोही संरक्षणमा उहाँहरू अग्रसर हुनुहुनेछ ।' बाँके र दाङको सिमानामा पर्ने शिव खोलाबाट राप्ती नदीमा गोहीको गणना कार्य सुरु गरिएको सूचना अधिकारी पँगेनीले जानकारी दिए । "हामीले नदीको कुसुम, अगैयालगायत क्षेत्रमा रहेका घडियालसहित अन्य गोहीको पनि अवस्था जानकारी लिँदैछौं", उनले भने, "हरेक वर्ष गोही ल्याएर छाडेर मात्र हुँदैन, उनीहरूको अवस्था के छ ? कति जीवित छन् ? उनीहरूको आहाराको अवस्था के कस्तो छ ? जस्ता कुराहरूको जानकारी सर्वेक्षण, निरीक्षण र गणनाबाट मात्रै लिन सकिने हुँदा केही वर्षयता हरेक वर्ष राप्ती नदीमा गोही गणना गर्दै आइरहेका छौं ।" गत वर्ष मात्र चितवनबाट १४ घडियाल गोही ल्याएर राप्ती नदीमा छाडिएको थियो । हरेक वर्ष उनीहरूको अवस्थाका बारेमा जानकारी लिनका लागि निकुञ्जले गोहीको सर्वेक्षण, निरीक्षण तथा गणना गर्दै आएको जनाएको छ । घडियाल गोही सङ्कटापन्न अवस्थामा पुगेको सरीसृप प्राणी हो । विगतमा पाकिस्तान, बङ्गलादेश, भुटान, म्यान्मार गायत देशहरूमा समेत पाइने घडियाल हाल नेपाल र भारतमा मात्रै पाइन्छन् । नदीमा बढ्दो मानवीय चहलपहल, नदीजन्य पदार्थ उत्खनन, प्रदूषण, माछा मार्ने लगायत कारणले गोहीका प्राकृतिक वासस्थानमा क्षति भइरहेको र बाढी आउँदा समेत गोही बगेर जाने गरेका छन् । सन् १९४० को दशकमा यसको संख्या विश्वमा १० हजार जति रहेको पाइन्छ । सन् १९७० मा त्यसको दुई प्रतिशत मात्रै संख्या अस्तित्वमा रहेको पाइएपछि संरक्षणमा चासो बढ्दै गएको संरक्षणकर्मी बताउँछन् ।

## नेपालगञ्जमा सञ्चालन हुने प्रादेशिक महोत्सवको तयारी पुरा

नमस्ते समचारदाता

नेपालगन्ज, माघ/०८




नेपालगञ्ज उद्योग वाणिज्य सङ्घको आयोजनामा यही माघ १० गतेदेखि नेपालगञ्जमा ''प्रादेशिक महोत्सव २०८१" आयोजना हुँदैछ । ''उद्योग, व्यापार, कृषि, जडीबुटी, रोजगार, सूचना प्रविधि र पर्यटन व्यावसायिक उद्यमशाला तथा कला संस्कृतिको प्रवर्द्धन'' भन्ने मूल नाराका साथ आयोजित महोत्सवको उदघाटन पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गर्ने कार्यक्रम तय भएको छ । नेपालगञ्ज उद्योग वाणिज्य सङ्घले साढे दुई दशकदेखि क्षेत्रीय आर्थिक गतिविधिलाई सबल बनाउन मेला, प्रदर्शनी र महोत्सवको आयोजना गर्दै आइरहेको छ । यस वर्षको महोत्सवले लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका खाद्यवस्तु, जडीबुटी, कृषि उत्पादन, हस्तकला, अटोमोबाइल्स र सूचना प्रविधिका नवीनतम प्रविधिहरूलाई प्रदर्शन मार्फत बजारीकरणमा सहयोग पुर्याउने अपेक्षा गरिएको छ । महोत्सवमा कृषि, जडीबुटी, हस्तकला र सूचना प्रविधिका ३५० भन्दा बढी स्टलमा स्थानीय तथा राष्ट्रिय उत्पादनका विविध वस्तुहरू राखिने छ । थारू संस्कृति झल्किने विशेष प्रदर्शनी, सांस्कृतिक कार्यक्रम विद्यालय स्तरीय प्रतियोगिता, प्रवर्द्धन प्रदर्शनी युवाहरूका लागि रोजगारी सम्बन्धी जानकारी उपलब्ध गराइने आयोजक संघका अध्यक्ष टंक बहादुर धामीले जानकारी गराएका छन् । कोरोना महामारी र आर्थिक मन्दीबाट प्रभावित पश्चिम नेपालका उद्योगी तथा व्यवसायीहरूलाई एउटै थलोमा राखेर महोत्सवले नयाँ अवसर सिर्जना गर्ने अपेक्षा गरिएको छ । स्थानीय उत्पादनको बजारीकरण, राष्ट्रिय अर्थतन्त्रलाई सबल बनाउने र व्यावसायिक गतिविधिलाई प्रोत्साहित गर्न यो महोत्सव महत्वपूर्ण हुने संघका अध्यक्ष धामीले बताए । महोत्सवमा थारू संस्कृति झल्काउने प्रस्तुतिहरू, स्थानीय जातीय नृत्य, र व्यावसायिक उद्यमशालाको प्रदर्शनले नेपालगञ्ज क्षेत्रको सांस्कृतिक तथा व्यावसायिक विविधता उजागर गर्नेछ । महोत्सवले क्षेत्रीय विकास, पर्यटन प्रवर्द्धन, रोजगार सिर्जना र स्थानीय उत्पादनलाई राष्ट्रियस्तरमा पुर्याउन महत्वपूर्ण भूमिका खेल्नेछ ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आव्हान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई

सम्झनुहोला।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.

सम्पर्क : कोहलपुर-११, बाँके

ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट

कोहलपुर : ९८४७४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७८०७५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९

FOLLOW US

namastekarnali2068@gmail.com
namastekarnali.com

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## माधवलाई एकताको आश्वासन दिएर ओलीसँग बार्गेनिङ

यतिबेला राष्ट्रिय राजनीतिमा बामदेव गौतमको चर्चा चुलिएको छ। उनी केही दिन अघिमात्र एकीकृत समाजवादीमा प्रवेश गर्ने योजना बनाएर माधव नेपाल सँग वार्ता गरिरहेका थिए। तर माधव नेपालले गौतमले भने अनुसार सबै नमान्ने अवस्था देखेपछि वार्ता असफल भयो त्यसपछि गौतमले माघ ४ गते प्रधानमन्त्री समेत रहेका एमालेका अध्यक्ष केपी ओलीसँग भेटावर्ता गरेका थिए। सोही भेटमा आफू एमाले फर्किन तयार भएको गौतमले ओलीलाई बताएका थिए। एमालेमा गौतमलाई संरक्षक वा वरिष्ठ नेतामध्ये एक पद दिन ओली सकारात्मक देखिएपछि गौतम एमाले प्रवेश गर्न लागेका छन्। एमाले छोड्दा गौतम उपाध्यक्ष थिए। वामदेव गौतमको चरित्रलाई ढुलमुलेको पराकाष्ठा भएको बताउँछन्। उनी कुशल संगठक भएर पनि अस्थिर चरित्रका कारण उनको राजनीति खस्किँदै गएको छ। उनी कुशल संगठक हुन्। मनमा लागेका कुरा गरेरै छाड्ने नेता पनि हुन्। २०५१ सालमा पहिलोपटक एमाले सरकारमा गयो। त्यतिबेला उनी उपमहासचिवको रुपमा पार्टी सञ्चालनको अनुभव पनि लिए। २०५४ सालमा पार्टी विभाजन गरेर माले बनाए तर लामो समय अडिएनन्। फेरि एमाल मै फर्किए। गौतममा क्षमता भएर पनि ६० को दशपछि कमजोर बन्दै जानुको पछाडि उनले लिएको ढुलमुले नीति हो। आफूले गरेको कामबाट पछिसम्म कस्तो असर पर्छ भनेर सोच्न नसक्नु उनको कमजोरी हो। ओली नेतृत्वमा आएपछि गौतम ओलीकै लागि प्रयोग हुन थाले। ओलीले प्रधानमन्त्री बनाउँछु भनेर आश्वासन दिए। तर २०७४ को निर्वाचनमा हराइदिए। अहिले पनि ओलीको प्रयोगकै निम्ति एकीकृत समाजवादी प्रवेश रोकिएको हुनसक्ने आशंका गरिएको छ। गौतम एकीकृत समाजवादीमा जाने कुराले राष्ट्रिय राजनीतिमा ठुलै अर्थ राख्ने हुँदा ओलीले उनलाई कुनै लोभ वा आश्वासन दिएर रोकेको हुनसक्छ। बुटवलमा भएको एमालेको आठौँ राष्ट्रिय महाधिवेशनमा झलनाथ खनालसँग मिलेर केपी ओलीलाई हराउन भूमिका खेलेका उनी काठमाडौँमा भएको ९ औँ महाधिवेशनमा ओलीसँग मिलेर नेपाललाई हराउन भूमिका खेले। एमालेमा रहँदा कहिले माधव नेपाल समूह त कहिले केपी ओली समूहमा लागेर गौतमले धेरैपटक राजकीय पद प्राप्त गरे।

# कृषिमा आधारित गाउँले परम्परा

दुर्योधन बस्नेत



दुर्योधन बस्नेत

**विविध भूबनोट, हावापानी, जातजाति, भाषाभाषी, धर्म, संस्कृति, रहनसहन भएको हाम्रो देशका जति पनि संस्कार, संस्कृति छन्, ती सबै कृषि पेसासाग जोडिएका छन् । कृषिप्रधान देशका रुपमा रहेको हाम्रो देशको प्रमुख आयस्रोतको माध्यम बनेको कृषि पेसा यतिबेला लगभग धराशायी भइसकेको अवस्था छ ।**

विविध जातजाति र भाषाभाषी भएको हाम्रो देश विविध संस्कार, संस्कृति र परम्पराले सुसज्जित रहेको छ । तराई, पहाड र हिमाल भिन्न भूबनोटका कारण यी तीन वटै भेगमा पाइने अलग अलग हावापानी, वनस्पति, जीवजन्तु, मानिसका भिन्न भिन्न धर्म, संस्कृति, संस्कार, लवाइखवाइ, रहनसहन, प्रचलन आदि मानिसको जनजीवनसँग प्रत्यक्ष प्रभाव पार्ने तत्वले हाम्रो देशको विशेष पहिचान बनाएको छ। त्यसै गरी ८,८४८ मिटर अग्लो विश्वकै सर्वोच्च शिखर सगरमाथा, विश्वकै अग्लो स्थानमा धान फल्ने ठाउँ जुम्ला, विश्वमा अन्त कतै नपाइने चरा काँडेभ्याकुर, विश्वमा अन्त कतै नपाइने जीव रेड पान्डा, शान्तिका प्रतीक गौतम बुद्धको पवित्र जन्मस्थल लुम्बिनी आदि प्राकृतिक, ऐतिहासिक, धार्मिक धरोहरले हामिलाई विश्वकै प्रथम बन्नका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । ३३ कोटि देवताले रक्षित यो देशलाई प्रकृतिले त्यत्तिकै सुन्दर बनाएको छ । विविध भूबनोट, हावापानी, जातजाति, भाषाभाषी, धर्म, संस्कृति, रहनसहन भएको हाम्रो देशका जति पनि संस्कार, संस्कृति छन्, ती सबै कृषि पेसासँग जोडिएका छन् । कृषिप्रधान देशका रूपमा रहेको हाम्रो देशको प्रमुख आयस्रोतको माध्यम बनेको कृषि पेसा यतिबेला लगभग धराशायी भइसकेको अवस्था छ । युवाको विदेश पलायन, परम्परागत कृषि प्रणाली, आयस्रोतको गतिलो माध्यम बन्नुपर्नेमा जीविको पार्जनको माध्यमसमेत बन्न नसक्नु र राज्यले कृषि पेसामा संलग्न हुने कृषकलाई उत्साहित बनाउने खालका योजना नल्याउनु, विकट भूबनोट आदिका कारण राज्यको आयको प्रमुख स्रोत भएर पनि कृषि पेसाप्रति मानिस आकर्षित हुन सकिरहेको छैन । दिनप्रतिदिन कृषि पेसाप्रति मानिसको वितृष्णा बढ्दै गइरहेको छ । पहिला पहिला अर्मपर्मको प्रचलन थियो । पालैपालो छिमेकी सबैको खेतीपाती गरिन्थ्यो तर यतिबेला अर्मपर्मको त कुरै छाडौँ, मान्छेविहीन शून्य छ गाउँ । गाउँमा जन्ती र मलामीको अभाव खड्किरहेको छ। ६० वर्षभन्दा माथिका वृद्धवृद्धा मात्र छन्, गाउँमा जसले काम गर्न सक्दैनन्। यसरी जनशक्तिको अभावमा खेतीयोग्य जमिन बर्सौंदेखि बाँझो पल्टिरहेका छन् । रुखो र बन्जर बनिरहेका छन् । जेनतेन खेती चलाइरहेका केही मानिससमेत खेती गरेर कुनै फाइदा नहुने भएपछि खेतीकिसानी छाड्ने तर्खरमा छन्। खेती गरेर उब्जाउनुभन्दा बजारबाट किनेर ल्याउँदा सस्तो पर्ने भएपछि खेती गरून पनि कसरी ? विडम्बना नै भन्नु पर्छ यतिबेला स्वास्थ्यवर्धक, अर्गानिक, प्राकृतिक कोदो, मकै, गहुँ, फापर, जौको रोटी, ढिँडो, आँटो, भुटेका मकै भटमासको स्थान विषादीयुक्त, अखाद्य मिसाइएको अस्वस्थकर मम, चाउचाउ, समोसा, बिस्कुट, पानीपुरी, चटपटे आदि जङ्कफुड, फास्टफुडले ओगट्न थालेको छ । स्वास्थ्यमा असर पुऱ्याउने तारेको, भुटेको, झानेको, पिज्जा, बर्गर, कुरकुरे, चिजबल्सप्रति मानिस आकर्षित हुन थाले, जसका कारण सानै उमेरदेखि गम्भीर खालका सुगर, प्रेसर, ग्यास्टिक, अल्सर, मिर्गौला फेल, क्यान्सरजस्ता असाध्य रोगका सिकार हुनु परिरहेको छ। कलिलै उमेरमा हर्ट अट्याक, ब्रेन ह्याम्रेज, क्यान्सरका कारण मृत्युवरण गर्नु परिरहेको छ । खान नजानेका कारण प्रकृतिले दिएको औषधीजन्य खानेकुरालाई हामीले जिब्रोको स्वादका खातिर मिठोमसिनो बनाउने नाममा विष बनायौँ। स्वस्थ रहनका लागि ८० प्रतिशत क्षारीय र २० प्रतिशत मात्र अम्लीय खाना खानुपर्नेमा ठिकविपरीत ८० प्रतिशत अम्लीय र २० प्रतिशत क्षारीय खाना खान थाल्यौँ । खानालाई औषधी बनाउनुपर्नेमा औषधीलाई खाना बनायौँ । प्रकृतिले हामीलाई अमृत दिएको थियो, विष बनाएर सेवन गर्न थाल्यौँ अर्थात् हामी प्रकृतिको उल्टो दिशातिर हिँड्न थाल्यौँ र जीवनलाई कष्टपूर्ण बनायौँ। हो, यही अवस्थाबाट आफ्नो परिवार, समाज र दुनियाँलाई मुक्ति दिलाउनका लागि गुल्मी जिल्लाको सत्यवती गाउँपालिका-१, अस्लेवा ठाँटी देउराली निवासी ४३ वर्षीय रोमनाथ पाण्डेले कुनै पनि विषादी प्रयोग नगरीकन नितान्तै प्राकृतिक, अर्गानिक किसिमले गोलभैँडा उत्पादन गरिरहनुभएको छ । ठुलो परिमाणमा गोलभैँडाको उत्पादन गर्ने पाण्डेले आफूलाई गोलभैँडा उत्पादकका रूपमा परिचित गराउनुभएको छ । गोलभैँडाको उत्पादन वृद्धिका लागि उहाँले स्थानीय उपलब्ध जडीबुटी बकेना, तितेपाती, असुरो, वनमारा, खिर्रो, निम, आरुको मुन्टा आदिको मिश्रणलाई गाईभैँसीको गहुँतमा मिसाएर एक महिनासम्म ड्रममा कुहाएर झोलमोल तयार गर्नुहुन्छ । एक भाग झोलमोलमा कलिला बिरुवाका लागि १० भाग पानी र परिपक्व वा वयस्क गोलभैँडाको बोटका लागि एक भाग झोलमोलमा पाँच भाग पानी मिसाएर स्प्रे गरी गोलभैँडाको बोटलाई न्युट्रेसन दिनुहुन्छ। त्यसै गरी उहाँले पिरो खुर्सानी, लसुन, प्याज, केतुकेको टुक्रा, आरुको मुन्टा मिसाएर ड्रममा राखिएको गहुँतमा उक्त मिश्रण हाली एक महिनासम्म घाम लाग्ने पारिलो ठाउँमा राखेर जैविक कीटनाशक विषादी तयार गर्नुहुन्छ । तयारी जैविक विषादीलाई माथि उल्लिखित झोलमोलकै तरिकाबाट कलिलो बिरुवा भए एक भाग जैविक विषादीमा १० भाग पानी र वयस्क बोटका लागि एक भाग जैविक विषादीमा पाँच भाग पानी मिसाएर स्प्रे गर्ने गरेको बताउनुहुन्छ । उहाँ एउटा उत्कृष्ट कृषकका साथै अनुभवी भेटेरिनरियन पनि हुनुहुन्छ । हाल उहाँ सहायक पशु सेवा प्राविधिकका रूपमा गुल्मी जिल्लाको कालीगण्डकी गाउँपालिका-३, जयखानी कार्यालयमा कार्यरत हुनुहुन्छ । पाण्डे अत्यन्तै मेहनती, सहयोगी, समाजसेवी हनुहुन्छ । यतिबेला उहाँले फलफूलको पनि थुप्रै बिरुवा लगाउनुभएको छ । कागती, सुन्तला, मौसम, एभोकाडोका बिरुवा लगाउनुभएको छ । त्यति मात्र होइन, उहाँ ब्रोइलर कुखुरा व्यवसायी पनि हुनुहुन्छ । एकछिन पनि समय खेर फाल्नुहुन्न । कहिले तरकारी बारीमा त कहिले कुखुरा फार्ममा व्यस्त रहनुहुन्छ । परिवारबाट त्यत्तिकै सहयोग पाउनुभएको छ उहाँले । उहाँले गर्नुभएको कृषिकर्म सबैका लागि उदाहरणीय बनेको छ। उहाँको यो कृषिकर्मलाई हामीले पनि अनुसरण गर्नु पर्छ।

*-गोरखापत्र*

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरू संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरूले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरू / सिट



बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट
डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) 30 सिट

तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

बुढीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुल्देवमाण्डौ, बाजुरा

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ढुलाचौर, बाजुरा

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

चंखेली गाउँपालिका
हुम्ला

# कुनै पालिकामा पाँच वटा केन्द्र, कतै एउटा मात्रै

नमस्ते समचारदाता

बैतडी, माघ/०८

माध्यमिक शिक्षा परीक्षा (एसइई) को परीक्षा केन्द्र कुनै पालिकामा पाँच वटा त कुनैमा एउटा मात्र हुँदा विद्यार्थीले सास्ती भोग्नु परेको छ। परीक्षा केन्द्र पायक पर्ने ठाउँमा नहुँदा सुगमबाट एक दिन पैदल दुरीमा हिँडेर दुर्गम गाउँमा डेरा खोज्नुपर्ने बाध्यता छ। परीक्षा नियन्त्रण कार्यालय, सानोठिमीले यही माघ २ गते ७७ वटै जिल्लालाई परीक्षा केन्द्रसम्बन्धी सातबुँदे परिपत्र जारी गर्दै परस्पर परीक्षा केन्द्र राख्न नपाइने, परीक्षा केन्द्र कायम गर्दा हिमालमा १५०, पहाडमा २५०, तराई, भित्री मधेश र उपत्यकामा तीन सय जनाभन्दा कम र चार सय जनाभन्दा बढी नहुने गरी कायम गर्नुपर्ने निर्देशन दिएको छ। एसइईमा सहभागी हुने १२९ वटा विद्यालयका लागि बैतडीमा २५ वटा परीक्षा केन्द्र छन्। परीक्षाको मापदण्ड अनुसार होम सेन्टर पर्न नहुने भएपछि दुर्गमका गाउँपालिकाका विद्यार्थीलाई एक दिन पैदल हिँड्नुपर्ने अवस्था आएको छ। शिक्षा विकास तथा समन्वय एकाइ बैतडीको तथ्याङ्क अनुसार शिवनाथ गाउँपालिका र पञ्चेश्वर गाउँपालिकामा एक/एक परीक्षा केन्द्र छन्। अर्को दुर्गम सिगास गाउँपालिकामा दुई वटा परीक्षा केन्द्र छन्। दशरथचन्द नगरपालिकामा भने पाँच वटा



परीक्षा केन्द्र छन्। पुर्चौंडी नगरपालिकामा चार वटा, मेलौली नगरपालिकामा तीन, डिलासैनी गाउँपालिकामा तीन, पाटन नगरपालिका, सुर्नया गाउँपालिका र दोगडाकेदार गाउँपालिकामा दुई/दुई वटा परीक्षा केन्द्र छन्। एउटा मात्रै एसइई परीक्षा केन्द्र रहेको पञ्चेश्वर गाउँपालिका-३, कुलाउँका विद्यार्थी मेलौली नगरपालिका-४, तिताबै परीक्षा केन्द्र धाउने गरेका छन्। तिताबैमा खान बस्न बजार नहुँदा गाउँ डुलेर डेरा खोज्नुपर्ने बाध्यता छ। त्यसै गरी एउटा मात्रै परीक्षा केन्द्र रहेको शिवनाथ गाउँपालिकाका विद्यार्थीले पनि यस्तै समस्या भोग्दै आएका छन्। दुई वटा परीक्षा केन्द्र रहेको सिगास गाउँपालिका-२ स्थित अर्जुन मावि गाँजरीका विद्यार्थीले एक दिन पैदल सिगास-८ को लेक लुपुण मावि गढ र लेकलुपुणका विद्यार्थीले गाँजरी केन्द्रमा परीक्षा दिँदै आएका छन्। लेकलुपुण परीक्षा केन्द्रनजिक खान, बस्न र बजारको समस्या हुँदा दालचामल र भाँडाकुँडा बोकेर गाउँमा डेरा खोज्नुपर्ने बाध्यता छ। पाँच वटा परीक्षा केन्द्र रहेको दशरथचन्द नगरपालिकामा यस्तो समस्या नभए पनि दुई वटा परीक्षा केन्द्र रहेको सिगास गाउँपालिका, एउटा मात्रै परीक्षा केन्द्र रहेका शिवनाथ गाउँपालिका र पञ्चेश्वर गाउँपालिकाका विद्यार्थीले थप सास्ती भोग्नुपर्ने भएको छ। मापदण्ड अनुसार परीक्षा केन्द्र थप गर्न २५० जना परीक्षार्थी पुग्नुपर्ने शिक्षा विकास तथा समन्वय एकाइ बैतडीका कार्यालय प्रमुख नरेन्द्रप्रसाद अवस्थीले बताउनुभयो। उहाँले भन्नुभयो, "परीक्षा केन्द्र थप गर्न २५० जना विद्यार्थी हुनुपर्ने मापदण्ड तोकिएको छ। बैतडीमा २५ वटा परीक्षा केन्द्र छन्। मापदण्ड अनुसार २५ वटा परीक्षा केन्द्रमा २५० का दरले छ हजार २५० विद्यार्थी हुन आउँछन्। जिल्लामा साढे पाँच हजारभन्दा बढी विद्यार्थी छैनन्। यस्तो अवस्थामा परीक्षा केन्द्र थप हुने अवस्था देखिँदैन।" परीक्षा केन्द्र थप गर्न नसकिने भए पनि सुगम ठाउँमा परीक्षा केन्द्र कायम गर्न गाउँपालिकाका विद्यालय निरीक्षकसँग समन्वय गरिने अवस्थीले बताउनुभयो। विसं २०८० को एसइईमा चार हजार ८९४ जना विद्यार्थी परीक्षामा सहभागी भएका थिए। तीमध्ये ३१.४९ प्रतिशत परीक्षार्थी मात्रै उत्तीर्ण भएका थिए। होम सेन्टर नराख्ने नाममा विद्यार्थीलाई अर्को विद्यालयमा पठाउनुभन्दा शिक्षकलाई सेवा सुविधा थपेर अर्को विद्यालयमा केन्द्राध्यक्ष तोक्न उपयुक्त हुने डिलासैनी गाउँपालिकाका अभिभावक आँसु मालले बताउनुभयो। उहाँले यो विषयमा आफूले मन्त्रालय र परीक्षा केन्द्रका विज्ञलाई एसइईको मूल्याङ्कन प्रणाली वैज्ञानिक बनाउन खुला पत्र लेखेको बताउनुभयो।

# अस्पताल बन्यो, छैन जनशक्ति

नमस्ते समचारदाता

कालीकोट, माघ/०८

जिल्ला अस्पताल कालीकोटको नयाँ भौतिक संरचना तयार भए पनि दक्ष जनशक्ति भने उपलब्ध भएको छैन। जिल्ला अस्पतालका लागि निर्माण भएको भवन बाहिरबाट हेर्दा राम्रो र आकर्षक देखिए पनि सेवाको गुणस्तर भने कमजोर रहेको पाइएको छ। गुणस्तरीय सेवा विस्तारका लागि जनशक्तिको सधैँ अभाव भइरहेको छ। अस्पतालका प्रमुख डा. भीष्मप्रसाद पोखेलले जनशक्तिको अभाव भएको उल्लेख गर्दै यसका लागि पहल गरिदिन आग्रह गर्नुभयो। सोमबार अस्पतालको नयाँ भवन निरीक्षणमा आउनुभएका कर्णाली प्रदेशका पूर्वमुख्यमन्त्री महेन्द्र बहादुर शाहीसमक्ष अस्पताल प्रमुख डा. पोखेलले



सङ्घ सरकारले ५० शय्या अस्पतालको अनुमति दिने निर्णय गरे पनि प्रदेश सरकारले त्यसलाई रोकेको आरोपसमेत लगाउनुभयो। उहाँले जनशक्तिको व्यवस्थापनका लागि छिट्टै प्रदेश सरकारसँग समन्वय गरिदिन आग्रह गर्नुभयो। अस्पतालका चिकित्सक र प्रशासनको आग्रहलाई स्वीकार गर्दै पूर्वमुख्यमन्त्री शाहीले तत्काल राम्रो भौतिक संरचनाको भरपुर उपभोग गर्दै बिरामीलाई सेवा दिन सुझाव दिनुभयो। कालीकोट बाट निर्वाचित प्रतिनिधि सभा सदस्यसमेत रहेका शाहीले आफूले प्रदेश र सङ्घ सरकारसँग थप जनशक्ति व्यवस्थापनका लागि पहल गर्ने भन्दै तत्काल जुन जनशक्ति यहाँ उपलब्ध छ, त्यही जनशक्तिले भरपुर सेवा दिन दत्तचित्त रहन निर्देशन दिनुभयो। अस्पतालको अवस्थाबारे जानकारी लिन जिल्ला समन्वय समितिका प्रमुख धनजित शाही, अस्पताल विकास समितिका अध्यक्ष रमेश मल्ल, अस्पताल प्रमुख, चिकित्सकहरू सहभागी हुनुहुन्थ्यो। अस्पतालका कर्मचारीले जनशक्तिको व्यवस्थापन गर्न सङ्घीय र प्रदेश सरकारको ध्यानाकर्षण गराएका थिए।

# बैजनाथकमा ज्येष्ठ नागरिकलाई न्यानो कपडा वितरण

नमस्ते समचारदाता

कोहलपुर, माघ/०८

जाडो बढेपछि बाँकेको बैजनाथ गाउँपालिकाले ७०० जना जेष्ठ नागरिकहरुलाई न्यानो कपडा र फाइबर सिरक वितरण गरेको छ। "जेष्ठ नागरिक प्रेरणाका श्रोत हुन" भन्ने भनाइका साथ, बैजनाथ गाउँपालिकाले ६९ र ७० वर्ष उमेर समूहका जेष्ठ नागरिकहरुलाई न्यानो कपडा र फाइबर सिरक वितरण गरेको जनाएको छ। बैजनाथ गाउँपालिकाका अध्यक्ष प्रकाश बहादुर शाहीले न्यानो कपडा र सिरक वितरण गर्दै भने, 'जेष्ठ नागरिक हाम्रा अभिभावक हुन्। भगवान खोज्न कतै जानुपर्दैन, जेष्ठ नागरिक र घरका आमा-बुवालाई सेवा गर्दा सबैभन्दा ठूलो पुन्य हुन्छ।' शाहीले अझै थपे, 'अभिभावकको स्वास्थ्यको निगरानी गर्नु हाम्रो दायित्व हो।



चिसोका कारण कुनै जेष्ठ नागरिकले ज्यान गुमाउनु नपरोस भनेर न्यानो कपडा वितरण गरिएको हो।' न्यानो कपडा वितरण कार्यक्रम बैजनाथ १ चिसापानी, २ डिगिया, ३ वैरहवा, ४ बानियाभार, ५ बनकटुवा, ७ पेडारी र वडा नं ८ कार्यालयमा आयोजित गरिएको थियो। कार्यक्रममा बैजनाथ गाउँपालिकाका अध्यक्ष शाही, उपाध्यक्ष निर्मला रोकाय, सामाजिक विकास समिति संयोजक भुमिसरा राना, महिला, बालबालिका र जेष्ठ नागरिक शाखा प्रमुख लक्ष्मी ज्ञवाली ढकाल लगायतका व्यक्तिहरुको सहभागिता रहेको थियो। बैजनाथ गाउँपालिकाले जेष्ठ नागरिकलाई निःशुल्क एम्बुलेन्स सेवा र निःशुल्क स्वास्थ्य बिमा पनि प्रदान गर्दै आएको उपाध्यक्ष निर्मला रोकायले जानकारी दिइन्।

## सरकार...

यही साताभित्र ८ बुँदे सहमति कार्यान्वयनको अवस्थाका बारेमा जानकारी दिन शाहीले मुख्यमन्त्री यामलाल कँडेललाई समयसीमा दिएका छन्। मुख्यमन्त्रीले सहमति कार्यान्वयनको अवस्था जानकारी नगराए सरकार छाड्ने शाहीको चेतावनी छ। २०८१ असारमा गरिएको ८ बुँदे सहमतिमा व्यक्तिको नाम, निजी फर्मको नामसहित आएका बजेट कार्यान्वयन नगर्ने, क्रमागत र बहुवर्षीय योजनाको प्राथमिकता निर्धारण गरेर निर्माण कार्य अघि बढाउने, टुक्रे योजना नियन्त्रण गर्ने लगायत छन्। शाहीले भने, 'यही साताभित्र कार्यान्वयन भए/नभएको जानकारी नदिए तपाईंहरू पवित्र गठबन्धन बस्नुहोला, हामी सरकारबाट बाहिरिन्छौँ।' शाहीले सरकार छोड्दा केन्द्रबाट कारबाही भए पनि भोग्न तयार रहेको प्रस्ट पारे। उनले अगाडि थपे, 'यहाँ सरकार छोड्दा कारबाहीको तयारी होला, त्यो भोग्न तयार छु, अन्याय सहेर सरकारमा बसिन्नँ।' शाहीले सरकार छोड्ने चेतावनी दिनुको प्रमुख कारण एमालेबाट भौतिक पूर्वाधार तथा सहरी विकासमन्त्री शेरबहादुर बुढाले उनको फोन नउठाउनु नै हो भन्ने कतिपउ एमाले सांसदहरुको बुझाई छ। समपूरक योजनाको विषयमा सम्झाउन चार/पाँच पटक फोन गर्दा पनि फोन नउठाएको उल्लेख गर्दै शाहीले बुढालाई बर्खास्त नगरे सरकारमा नबस्ने चेतावनी दिएका हुन्। 'सबैभन्दा ठुलो दलको नेताको फोन नउठाउने ? जीवन शाही को हो ? के गर्छ र भन्ने सोच्यो होला,' शाहीले भने, 'त्यो मन्त्रीलाई स्याक नगर्दासम्म हामी सरकारमा बस्ने कि नबस्ने मुख्यमन्त्रीज्यू ?' शाहीले संघीयताको मर्म अनुसार चल्ने र केन्द्रका नेताको दास नहुने पनि प्रस्ट पारे। शाहीले ०८० वैशाखमा कांग्रेस-माओवादी गठबन्धनको समयमा आफूले सिफारिस गरेका सांसदलाई मन्त्री नियुक्त रोक्न पार्टी सभापति शेरबहादुर देउवाको फोन आउँदा पनि मानेका थिएनन्। देउवाले रोक्दा शाहीले नमानेपछि झण्डै केन्द्रीय गठबन्धनमै धक्का पर्ने देखियो। पछि बाध्य भएर तत्कालीन मुख्यमन्त्री राजकुमार शर्माले शाहीकै सिफारिसमा परेका सांसदलाई मन्त्रीमा नियुक्त गरेका थिए। यो पटक सत्ता गठबन्धन निर्माणका बेला औपचारिक रूपमा उपस्थित नभएकाले यामलाल कँडेलसँग आफ्नो कुनै सम्झौता पनि नरहेको शाहीले संसदबाटै प्रस्ट पारे। 'अहिलेका जुँगा नभएका (यामलाल)सँग मेरो कुनै सहमति पनि छैन, बरु जुँगा भएको (राजकुमार)सँग पहिला सहमति थियो,' शाहीले भने, 'मैले भनेका कुराहरू भएनन् भने तपाईंहरूलाई थाहा छ-जीवनले बोल्दैन, एक्सनमा पनि उत्रिन्छ।' शाहीले भनेजस्तै कर्णालीमा सरकारको नेतृत्वबारे कांग्रेस-एमालेबिच कुनै सहमति भएको छैन। यद्यपि शाहीले केन्द्रमा शेरबहादुर देउवा प्रधानमन्त्री भएपछि कर्णालीमा आफू मुख्यमन्त्री बन्ने बताउँदै आएका छन्।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:

आकर्षक
भित्ते घडी
यतिमात्र होईन... साथमा
बम्पर उपहार


रंगिन टिभी एकजनालाई

१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
कोहलपुर, न्यरोड बाँके फोन नं. ९८४६२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं।
ताँजाकोट गाउँपालिका
हुम्ला

# नदीजन्य पदार्थको उत्खनन भइरहेको क्षेत्रमा छड्के अनुगमन


नमस्ते समचारदाता
प्युठान, माघ/०८



जिल्लामा नदीजन्य पदार्थको उत्खनन् भइरहेको क्षेत्रमा जिल्ला समन्वय समितिको टोलीले छड्के अनुगमन गरेको छ। जिल्लाको झिमरुक गाउँपालिका अन्तर्गत रहेका विभिन्न निर्माणाधीन सडक, पुल, सामुदायिक अस्पताल तथा नदीजन्य पदार्थको उत्खनन् भइरहेको क्षेत्र घाटको अनुगमन गरिएको हो । झिमरुक गाउँपालिका ३ र ८ नम्बर वडामा पर्ने झिमरुक नदी अन्तर्गत खमारिघाट क्षेत्र १ र २, झिमरुक गाउँपालिका ३,७ र ८ नम्बर वडा भित्रमा पर्ने झिमरुक नदी अन्तर्गत बालुवा लामासेरा र झिमरुक गाउँपालिका-१ स्थित गर्तनखोला (बालुवा) क्षेत्रमा भइरहेको नदीजन्य पदार्थको उत्खननको अवस्थाबारे समग्र पक्षमा अनुगमन गरिएको जिसस प्रमुख तथा जिल्ला अनुगमन समितिका संयोजक धर्म बहादुर जिसीले जानकारी दिए। नदीजन्य पदार्थ, ढुङ्गा, गिट्टी, बालुवा घाटहरूबाट के कसरी निकालिएको छ ? रोयल्टी के कस्तो छ ? अवैध निकासी भएको छ छैन मापदण्ड पूरा गरिएको छ, छैन ? भन्ने विषयमा प्राविधिक सहितको टोलिले अनुगमन गरिएको उनले जानकारी दिए । अनुगमनका क्रममा देखिएका कतिपय कमजोरीलाई पहिलोपटक सुधार गर्न भनिएको र अर्कोपटक अनुगमन गर्दा सुधार नगरिएको पाइएमा कानुन अनुसार कारबाही प्रक्रिया अगाडि बढाउने गरी सुझाव दिएको जानकारी दिए । नियम विपरीतका हरेक गतिविधि रोक्न समेत अनुगमनका क्रममा सुझाव दिएको उनले बताए। अत्यन्तै सुस्त गतिमा निर्माण भइरहेको मदन भण्डारी राजमार्गलाई तीव्र गतिमा निर्माण कार्य अगाडि बढाउन सुझाव दिएको छ । साइटमा ब्याक कटिङ्ग र विभिन्न संरचनाको स्थलगत अनुगमन गरिएको हो । त्यस्तै भर्खरै सिलान्यास भई निर्माण कार्य सुरु भइरहेको झिमरुक नदीमा पर्ने किटघाट पुलको अनुगमन गरिएको छ। निर्माण कार्य तोकिएको समय सीमामै सम्पन्न गर्न निर्माण कम्पनीलाई सुझाव दिएको प्रमुख जिसीले बताए। झिमरुक गाउँपालिका-३ लामासेरामा रहेको गौमुखी एग्रिगेटको समेत विभिन्न पक्षको अनुगमन गरिएको प्रमुख जिसीले बताए। जिल्ला समन्वय समितिलाई अनुगमन गर्ने अघिकार दिए पनि कारबाही गर्ने अधिकार नहुँदा अनुगमन तथा निरीक्षण कामको प्रभावकारितामा समस्या भएको जिसस उप-प्रमुख दुर्गा रेग्मीको भनाइ छ, 'कतिपय कानुनी जटिलता छ। जसले गर्दा पनि जिल्ला समन्वय समिति एक्सनमा जान सक्दैन । अनुगमन गरेर राय सुझाव दिनेमात्र कामले उपलब्धि आउन सकेको छैन।'

# असारे विकासमै अल्झिए स्थानीय सरकार

नमस्ते समचारदाता
दैलेख, माघ/०८




जिल्लाका स्थानीय तहको विकास बजेट खर्च निराशाजनक देखिएको छ। जिल्लाका ११ स्थानीय तहले चालु आर्थिक वर्ष २०८०/८१ को साउनदेखि पुस मसान्तको बजेट खर्च कम भएको पाइएको छ। कोष तथा लेखा नियन्त्रण कार्यालय दैलेखले जानकारी दिए अनुसार जिल्लाका ११ स्थानीय तहको बिकास बजेट तथा पुँजीगत खर्च २६.२४ प्रतिशत रहेको छ। कार्यालयका लेखापाल छत्रमान सुवेदीले ११ स्थानीय तहको कुल बजेट पुँजीगत ९८ करोड ३३ लाख ३४ हजारमा २५ करोड ८० लाख ८० हजार खर्च भएको जानकारी दिनुभयो। उहाँले स्थानीय तहमा हालसम्म निकासा गएको बजेटको प्रतिशत २६.२४ प्रतिशत देखिए पनि स्थानीय तहले कति बजेट खर्च गऱ्यो भन्ने कोष तथा लेखा नियन्त्रण कार्यालयमा जानकारी नुहने बताउनुभयो। उहाँले भन्नुभयो, "हामीले गाउँपालिका तथा नगरपालिकाले पहिला लगेको बजेट खर्च गरेका आधारमा बजेट दिने व्यवस्थाबमोजिम बजेट निकासा दिने गरेका छौँ।" स्थानीय सरकारले समयमै योजना सम्झौता गर्ने गरे पनि असार मसान्तमा भुक्तानी लिने समस्याले बजेट खर्च नदेखिने गरेको छ। भगवतीमाई गाउँपालिका अध्यक्ष गणेश बहादुर थापाले गाउँपालिकाले हरेक योजना समयमै सम्पन्न गर्न प्रयत्न गरेको भए पनि उपभोक्ता तथा ठेकेदारको ढिलासुस्तीका कारण समयमै बजेट खर्च नहुने समस्या रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "योजना सम्झौता समयमै हुने भए पनि काममा ढिलाइ गर्ने र काम सम्पन्न भए पनि भुक्तानी समयमै लिन नआउने समस्याले बजेट खर्च नदेखिएको हो।" विकास बजेट खर्च कम हुनुले दैलेखका स्थानीय तह असारे विकासको मानसिकताबाट अझै मुक्त हुन नसकेको पुष्टि हुन्छ। एक वर्षभित्र सम्पन्न गर्नुपर्ने योजनाको समयमै सम्झौता, काम सम्पन्न र भुक्तानी दिन यहाँका स्थानीय तह अझै गम्भीर बन्न सकेका छैनन्। महालेखाको आव २०७९/८० को प्रतिवेदनमा उल्लेख गरिए अनुसार जिल्लाका स्थानीय तहले आवको असार महिनामा बजेट धेरै खर्च गर्ने गरेको उल्लेख गरेका छन्। नारायण नगरपालिकाले कुल पुँजीगत खर्च १७ करोड ८२ लाख भएकोमा पहिलो चौमासिकमा ८५ लाख ८८ हजार र दोस्रो चौमासिकमा एक करोड १० लाख २५ हजार खर्च गरेको छ। तेस्रो चौमासिकमा चार करोड ३१ लाख ५५ हजार र चौथौ त्रैमासिकमा ११ करोड ५५ लाख १० हजार तथा असार महिनामा मात्रै सात करोड १० लाख ६७ हजार खर्च गरेको छ। दुल्लु नगरपालिकाको कुल पुँजीगत खर्च २६ करोड २० लाख ९९ हजार भएकोमा प्रथम चौमासिकमा दुई करोड ४४ लाख ३८ हजार र दोस्रो चौमासिकमा पाँच करोड १६ लाख दुई हजार खर्च भएको छ। तेस्रो चौमासिकमा १८ करोड ६० लाख ५९ हजार र असार महिनामा मात्रै १० करोड सात हजार खर्च गरेको छ। चामुण्डा बिन्द्रासैनी नगरपालिका कुल पुँजीगत खर्च १४ करोड ५४ लाख ३१ हजार भएकोमा पहिलो चौमासिकमा ६३ लाख ५८ हजार र दोस्रो चौमासिकमा एक करोड ६३ लाख ५८ हजार खर्च भएको छ। तेस्रो चौमासिकमा दुई करोड १३ लाख ५८ हजार, चौथो त्रैमासिकमा १० करोड १३ लाख ५७ हजार र असार महिनामा मात्र सात करोड ९० लाख तीन हजार रहेको छ। आठबिस नगरपालिका कुल पुँजीगत खर्च १७ करोड ११ लाख २४ हजार भएकोमा पहिलो चौमासिकमा दुई करोड ४० लाख ८३ हजार र दोस्रो चौमासिकमा तीन करोड १६ लाख ९३ हजार खर्च भएको छ। तेस्रो चौमासिकमा ११ करोड ५३ लाख ४७ हजार र असार महिनामा मात्र पाँच करोड ६५ लाख ६३ हजार खर्च भएको छ। अन्य स्थानीय तहको अवस्था पनि यस्तै छ।

# जन्मकैद सजाय तोकिएका फरार प्रतिवादी १४ वर्षपछि पक्राउ

नमस्ते समचारदाता
बाँके, माघ/०८




बाँके जिल्ला अदालतले जन्मकैद सजाय तोकेका एक जना फरार प्रतिवादीलाई इलाका प्रहरी कार्यालय कोहलपुरले १४ वर्षपछि पक्राउ गरेको छ। अदालतले सजाय तोके पनि १४ वर्ष ६ महिना देखि फरार रहेका साबिक महादेवपुरी-५ तथा हालको राप्तिसोनारी गाउँपालिका वडा नम्बर ९ बस्ने ३० वर्षीय धनबहादुर थारूलाई इलाका प्रहरी कार्यालय कोहलपुरले पक्राउ गरेको हो। कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी थारूलाई १४ वर्ष ६ महिनापछि पक्राउ गर्न सफलता मिलेको इलाका प्रहरी कार्यालय कोहलपुरले जनाएको छ। थारूलाई बाँके जिल्ला अदालतको २०७३ पुस १८ गतेको फैसलाले कर्तव्य ज्यान मुद्दामा सर्वस्व सहित जन्मकैद सजाय तोकेको थियो। उनी १४ वर्ष ६ महिनासम्म फरार रहेका थिए। पछिल्लो समयमा आएर जिल्ला प्रहरी कार्यालय बाँकेले फरार प्रतिवादीलाई पक्राउ गर्ने अभियान नै सञ्चालन गरेको छ। सोही कारणले गत पुसको महिनामा मात्र जिल्ला प्रहरी कार्यालय बाँकेले ६५ जना फरार प्रतिवादीलाई पक्राउ गर्न सफल भएको थियो। अझै पनि धेरै जना फरार रहेकाले उनीहरूको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय बाँकेका प्रमुख एसपी तुलबहादुर कार्कीले बताए।

## गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

नाम्खा गाउँपालिका
हुम्ला

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं।

राप्ती सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके